CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल टाइम्स

(THE NEPAL TIMES)

दा. नं. प. ब. नं. ८१७

एक प्रतिको ।५० पैसा

वर्ष ३१ काठमाडौं सोमबार श्रावण १४ गते २०४२ जुलाई २९ १९८५ (अङ्क) १२

सम्पादकहरुद्वारा अन्योलपूर्ण स्थितिको अन्त्यको माग

(हाम्रा संवाददाताद्वारा)

काठमाडौं, १४ श्रावण ।

राजधानीबाट प्रकाशित हुने १३ पत्र–पत्रिकाका सम्पादकहरूले एक संयुक्त विज्ञप्ति प्रकाशित गरेर "केही समय यता देखि नेपालको पत्रकारिता जगतले" आफुलाई "असुरक्षित, सशंकित र अन्योलपूर्ण अवस्था श्री ५ को सरकारद्वारा पुऱ्याएको अनुभव गरेको" उल्लेख गर्दै संविधान र ऐनले दिएको प्रकाशन स्वतन्त्रतामाथि अंकुश लगाउने र प्रकाशनहरूलाई आर्थिक घेराबन्दीमा पार्ने सबै स्थितिलाई तत्काल अन्त्य गरिनु पर्दछ" भन्ने माग गरेको छ ।

उक्त प्रकारको माग गर्नेहरूमा नेपाल टाइम्स, मदरल्यान्ड, नयां नेपाल, दैनिक नेपाल, डेली डायरी, योजना, समीक्षा, समाज, ज्वाला, युगधारा, साप्ताहिक विमर्श, दिकमनर र मातृभूमिका सम्पादकहरू हुनुहुन्छ ।

संयुक्त वक्तव्यको पूर्ण विवरण निम्न प्रकारको छ:–

"केही समय यता देखि नेपालको पत्रकारिता जगतले आफुलाई 'असुरक्षित, सशंकित र अन्योलपूर्ण अवस्थामा श्री ५ को सरकारद्वारा पुऱ्याइएको अनुभव गरेको छ । कतिपय सम्पादक र सम्वाददाताहरू थुनुवामा राखिएका छन् । समाचार संकलन र प्रकाशनमा बाधा पारिएका छन । प्रशासनद्वारा अखबारका कार्यालयहरूमा खान तलाशी गर्नुका साथै मुद्रित अक्षरहरू कार्यालयहरू र बजारबाट बलजफती खोसिएका छन् । अखबारहरूका चिट्ठी पत्रको आवत जावतमा र मोफसलमा बिक्री वितरण निम्ति हुलाक, हवाई र अन्य साधनद्वारा पठाइएका अखबारका पुलिन्दाहरूको डेलिभरीमा अनधिकृत व्यवधान हालेर गरिएका छन् । श्री ५ को सरकारद्वारा अखबारहरूलाई विज्ञापनको अधिकारबाट वंचित गराइएको छ ।

"यस्ता कार्यवाहीहरूले नेपाली पत्रकार जगतमा गम्भीर चिन्ता उत्पन्न गराएको छ । यस्तो चिन्ता जनक स्थितिबारे प्रधान मन्त्री महोदयलाई पत्रकार शिष्ट मण्डलले बोध गराएको पनि थियो ।

"संविधान र ऐनले दिएको प्रकाशन स्वतन्त्रतामाथि अंकुश लगाउने र प्रकाशनहरूलाई आर्थिक घेराबन्दीमा पार्ने सबै स्थितिलाई श्री ५ को सरकारद्वारा तत्काल अन्त्य गरिनु पर्दछ ।

(बाँकी ४ पेजमा)

लंका वार्त्ता थिम्फूमा नहुने

नयां दिल्ली, १३ श्रावण ।

यसै महिनाको अन्त्यतिर भूटानको राजधानी थिम्फूमा हुने भनिएको तामिल पृथकतावादी र श्री लंका सरकारका प्रतिनिधिहरू बीचको दोश्रो चरणको वार्त्ता त्यहाँ नगर्ने बारेमा कोलम्बोमा

(बाँकी ४ पेजमा)

१२.५ किलो चरेस बरामद

बाँके, १३ श्रावण ।

नेपालगञ्ज नगर पञ्चायत वडा नं. ६ फुलटेक्रा बस्ने सुनवर बाबाको घरमा छापामारी प्रहरीले १२.५ के. जी. चरेस बरामद गरेको कुरा थाहा भएको छ ।

सो चरेस महिलाले लगाउने वुर्कामा पोकोपारी लुकाई राखेको अवस्थामा बरामद गरिएको कुरा बताइएको छ ।

यसैबीच कम्दी गाउँ पञ्चायत निवासी मुस्ताक जोलाहाले लुकाई छिपाई भारततर्फ लानलागेको १ के. जी. चरेस पनि जमुनाह चौकीमा प्रहरीले बरामद गरि कारवाही चलाएको कुरा बताइएको छ ।

रासस

दुर्घटनामा एकको मृत्यु

भक्तपुर, १४ श्रावण ।

नगर पञ्चायत वडा नं. १५ गोकछे टोल बस्ने वर्ष ६० की न्हुछेमाया मुलगुठीलाई वा. अ. १३९१ को ट्रकको पछाडि भागबाट ठक्कर लाग्दा हिजो विहान स्थानीय अस्पतालमा उपचार गर्दा गर्दै मृत्यु भएको छ ।

निजले बोकेकी ३ वर्षकी नातिनीलाई भने सामान्य चोट पटक मात्र लागेकोले अस्पतालमा उचपार भैरहेको छ ।

ट्रक चालक इनाचो टोल बस्ने हरि गोविन्द धोजुंलाई प्रहरीले हिरासतमा राखिएको छ ।

रासस

राजकुमारको धम्की

पेकिङ्ग, १३ श्रावण ।

हनोई समर्थित हेंग सामरीन सरकारको विरुद्ध प्रतिरोध आन्दोलन चलाई राखेका गठबन्धनका नेता राजकुमार नोरोडोम सिहानकले त्यस गठबन्धनको नेतृत्ववाट राजीनामा गर्ने धम्की दिनु भएको छ ।

गठबन्धनका अर्का सहभागी खेमेर रूजले राजले राजकुमारका ४० सैनिकहरूलाई मारेको आरोप लगाउँदै

(बाँकी ४ पेजमा)

वैदेशिक सम्पत्तिको लेखाजोखा

काठमाडौं, १३ श्रावण ।

देशको बैंकिंग क्षेत्रको कूल वैदेशिक सम्पति २०३७ आषाढ मसान्त सम्ममा रू. २८० करोड ६० लाख थियो भने २०४१ साल आषाढ मसान्त सम्ममा सो सम्पति १४.५ प्रतिशतले बढ्न गई रू. ३२१ करोड ३४ लाख पुगेको कुरा २०४१।४२ को आर्थिक सर्वेक्षणमा उल्लेख छ ।

त्यस्तै सम्वत् २०३८ र २०३९ साल आषाढमा अघिल्लो वर्षको दाँजोमा कूल वैदेशिक सम्पति क्रमशः ११.७ तथा २४.८ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

त्यसपछि २०४० र २०४१ आषाढ मसान्तमा वैदेशिक सम्पतिको कूल सचितिमा क्रमशः १६.९ र १.२ प्रतिशतले ह्रास भएको थियो ।

(बाँकी ४ पेजमा)

आकाशवाणी सेवामा वृद्धि

काठमाडौं, १३ श्रावण ।

अधिराज्यभर हाल वायरलेस सेटहरूको सख्या ८३ पुगेको कुरा ०४१।४२ आर्थिक सर्भेक्षणमा उल्लेख छ ।

त्यस्तै दुर्गम तथा पहाडी क्षेत्रमा रहेका ४१ वटा वायरलेस सेटहरूलाई सौर्य शक्तिद्वारा चल्ने बनाई सकिएको छ ।

सम्वत् २०४१ पौषसम्ममा अधिराज्यभर वितरण गरिएको टेलिफोन लाइनको संख्या १९८,१९९ पुगेको छ भने सोही अवधिसम्ममा अधिराज्यका २३ शहरी क्षेत्रमा नयी स्थापित टेलिफोन एक्सचेन्जको सख्या २४ पुगेको छ ।

काठमाडौंमा पाँच हजार तथा बीरगञ्जमा दुई हजार लाइन क्षमताका डिजिटल प्रणालीको फोन प्रयोगमा आइसकेको छ ।

देशमा हाल टेलेक्स सेवाको ग्राहक संख्या २११ पुगेको कुरा पनि सर्भेक्षणमा उल्लेख छ ।

यहाँबाट भारत, बङ्गलादेश, तथा भूटानका बीच माइक्रोवेभका माध्यमबाट टेलिग्राफ सेवा उपलब्ध छ ।

यसका अतिरिक्त बङ्गलादेश र नेपालका बीच समेत नेपालको भद्रपुर र बङ्गलादेशको आटाबारी बीच स्थापित यू.एच.एफ. लिंकले गर्दा सोझै ट्रंक सेवा उपलब्ध छ ।

त्यस्तै माइक्रोवेभको माध्यमद्वारा काठमाडौंबाट

(बाँकी ४ पेजमा)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नेपाल टाइम्स

१४ श्रावण २०३१

दुर्भाग्यको कुरा

नेपाली प्रेस अहिले त्रस्त छ । यो संत्रासको बीजारोपण अरूले होइन सरकारले नै गरेको हो । आफैंद्वारा सिर्जित कानूनहरुको समेत सरकारले मर्यादा नगर्दा संत्रास एक प्रकारको मानसिक आतङ्कमा परिणत भएको छ । एउटा पत्रकारले पेशागत कर्त्तव्य निर्वाह गर्दा पालन गर्नु पर्ने मर्यादा बहन गर्न नेपाली प्रेस तयार नभएको होइन । परन्तु, पत्रकारिताको पवित्रतम पेशामा छद्म भेषी पत्रकारहरूलाई हुलेर पेशाको बदनाम गराउने काम सत्ताले नै गरेको हो । शायद, यसो गरिनुको पछिल्तिर एउटा सुनियोजित षडयन्त्रले काम गरेको छ । एउटा पत्रकारको पेशागत र गैर पेशागत क्रियाकलापहरु बीचका विभेदहरु छुट्याउन नसकिने अवस्थाको सिर्जना गरेर सम्पूर्ण पेशालाई नै कलङ्कित पार्ने काम सत्ताका सहस्रबाहुले गरेकै छ ।

स्वतन्त्र प्रतिस्पर्धामा बाँच्न नेपाली प्रेस तयार छ । स्वतन्त्र प्रतिस्पर्धाको लागि उपयुक्त वातावरणको मात्र प्रेसले माग गरेको हो, सबै थोकको निम्ति उन्मुक्तिको माग हामीले कहिल्यै गरेका छैनौं । प्रतिस्पर्धाको सिद्धान्तको माग यही हुन्छ कि सबैलाई समान अवसर उपलब्ध होस् र सबैले श्रेष्ठतालाई परिचय दिन सकुन् । यो मागलाई स्वीकार गर्ना साथै सत्ताले हामीमाथि प्रतिरोपण गरेको विभेदलाई अविलम्ब अन्त्य गर्नु पर्ने हुन्छ । सम्पूर्ण सरकारी सहायता र अन्तर्राष्ट्रिय भिक्षाटनद्वारा जगेर्ना गरिएका स्रोतहरुको एकलौटी उपयोग गरेर प्रेसको बदनाम हुने गरी खडा गरिएका प्रचार संरचनाहरुलाई सत्ताले निःसंकोच धन्यवाद उनु पर्ने हुन्छ । के यस प्रकारको समान अवसर नेपाली प्रेसलाई दिलाउन सत्ता तयार हुनेछ ? प्रेसलाई सहयोग पुऱ्याने नाममा सञ्चालन गरिएका सरकारी स्रोतहरुलाई आफ्नो गोजीमा भर्न हिंडेका सत्तासीनहरुको विगविगी भएको बेलामा के यस प्रकारको विवेक र उदारता सत्ताबाट अपेक्षा गर्न सकिन्छ ?

हुकिने र प्रतिस्पर्धी हुने तमाम अवसरबाट वञ्चित गराइएतापनि आफ्नो सङ्गतिलाई प्रमाणित गर्न घोर सङ्घर्ष गरिरहेको नेपाली प्रेसमाथि थप विपत्तिहरु लादिइएको छ । ती विपदाहरुको फेहरिस्त लामो छ । यस क्रममा थपिएको पछिल्लो विपत्ति आतङ्कवादको प्रस्फुटन पछि सत्ताले प्रेसमाथि हुल खोजिएको नयां आतङ्कवाद हो । यो सन्त्रासको समाप्तिको माग हामीले धेरै माध्यमहरु प्रयोग गरेर गर्दै आएका छौं -- आफ्नो मर्यादा र विवेकलाई नगुमाएर । यसको कदर हुनुको सट्टा उपेक्षा नै भयो । दुर्भाग्यको कुरा यही हो ।

आर्थिक समितिमा विनियोजन शीर्षक माथिको छलफल

काठमाडौं, १४ श्रावण ।

राष्ट्रिय पञ्चायत आर्थिक समितिको श्रम तथा सामाजिक कल्याण मन्त्रालय सम्बन्धी विनियोजन शीर्षक माथि हिजो भएको छलफलमा भाग लिनु हुँदै नुवाकोटका अर्जुन नरसिंह के० सी० ले गाउँका कुना काप्चामा काम गर्ने भूमिहर किसानहरूको श्रम शक्तिको आधारमा न्यूनतम ज्याला समेत नतोकिएबाट मन पर्दो किसिमबाट उनीहरुलाई प्रयोग भै रहेकोले भूमिहर किसानहरुलाई न्यूनतम ज्याला पाउने व्यवस्थाको लागि कानूनी व्यवस्था हुन आवश्यक भएको कुरा उल्लेख गर्नु भयो ।

वहांले एकातिर स्वदेशमा उत्पादनशील क्षेत्रमा काम गर्ने खालको श्रम शक्ति शिथिल र निराश वातावरणमा रहने र अर्कातिर विदेशी कामदारहरू यहाँ आई काम गर्ने हाल स्थिति विद्यमान रहेको कुराको चर्चा गर्दै यसौले स्वदेशी श्रम शक्तिलाई तालीम आदिको व्यवस्था गरी कसरी सही ढङ्गबाट स्वदेशमैं आपूर्ति गर्न सकिन्छ यस तर्फ गंभीर रुपमा सोची नीतिगत रूपबाट नयां बाटो अख्तियार गर्नु पर्ने आवश्यकतामा जोड दिनु भयो ।

श्री के०सी० ले आजको राष्ट्रिय परिप्रेक्ष्य, आवश्यकता र दायित्व र जिम्मेवारीलाई हेर्दा यस मन्त्रालयलाई अहिले विनियोजित रकम निश्चित रुपमा कम छ भन्दै गत वर्षको बजेटमा यस मन्त्रालयलाई छुट्याइएको रू० ३६ लाख ७० हजारको बावजूद अहिले रू० ३७ लाख २० मात्र छुट्याइएको छ यो दुःख पूर्ण कुरा हो भन्नु भयो ।

श्री के० सी० ले आज हामी जुन किसिमको आर्थिक अवस्थामा छौं त्यसको लागि गाहस्थ्य उत्पादनमा वृद्धि गर्नु जरूरी छ भन्दै यसको लागि हाम्रो राष्ट्रिय श्रोतको रुपमा रहेका श्रम र पाखुरा माथि नै हामीले निर्भर रहनु पर्ने हुन्छ । हाम्रो जस्तो देशको श्रम शक्ति नै वास्तविक सम्पदा हुन र यो राष्ट्रिय यथार्थ हो भन्नु भयो ।

यो मन्त्रालय स्थापना भए देखि यताका यसका क्रियाकलापलाई मूल्याङ्कन गर्दा यस्ले सही ढङ्गबाट श्रमको सदुपयोग गर्न सम्बन्धी नीति त्यस माथि नियन्त्रण आदि गर्न सकेको देखिदैन र यो जुन उद्देश्यले स्थापना भएको हो त्यो उद्देश्य प्राप्ति तर्फ पनि सही कार्यक्रम सञ्चालन हुन नसकेको गुनासो वहांले गर्नु भयो ।

आज राष्ट्रिय उत्पादन घटेको छ, यो प्रत्यक्षत श्रम क्षेत्रमा काम गर्ने श्रमजीवीलाई सही ढङ्गबाट प्रोत्साहन नमिलो उनीहरूमा आएको जांगर र उत्साहको कमीको कारणले गर्दा नै हो भन्दै जबसम्म वास्तविक रूपमा परिश्रमी गर्ने मजदूर र उद्योगपति बीच समन्वयन हुन सक्दैन र श्रमिकहरूको न्यूनतम आवश्यकता परिपूर्ति हुन सक्दैन तबसम्म यो लक्ष्य हासिल गर्न गाह्रो पर्दछ भन्नु भयो ।

सन् १९६६ मा नेपाल अन्तरराष्ट्रिय श्रम सङ्गठनको सदस्य भएको कुराको चर्चा गर्दै अहिलेसम्म पनि श्री ५ को सरकारले मजदूरहरुलाई न्यूनतम सुविधासम्म पनि पुऱ्याउने तर्फ ध्यान नदिएको कुरा श्री के० सी० ले चर्चा गर्नु भयो ।

कल्याणकारी राज्य स्थापनाको उद्देश्यले पनि मजदूरहरूको पेशागत हित, सुरक्षा र स्वास्थ्यपचारको सुविधा हुनु पर्नेमा त्यो हुन नसकेको ठूलाठूला उद्योग धन्धामा काम गर्ने श्रमिकहरूको जीवन बीमा सम्बन्धमा कानूनमा स्पष्ट व्यवस्था हुन नसकेको र भएकालाई पनि यो सुविधा प्राप्त गर्न कठिन समस्या भएको कुरा वहांले बताउनु भयो ।

पाल्पाका यादवसिंह रामाझीले बजेटको कमीले गर्दा श्रम तथा सामाजिक कल्याण मन्त्रालयले राम्रो काम गर्न सकेको छैन, श्री ५ को सरकारबाट पुरदो बजेट उपलब्ध गराएर श्रमिक र सामाजिक क्षेत्रका योजनाहरु सञ्चालन तर्फ मन्त्रीको ध्यान जाने आशा व्यक्त गर्नु भयो ।

रासस

शिष्टाचार मण्डल चीन तर्फ प्रस्थान

काठमाडौं, १३ श्रावण ।

नेपाल चीन बीच दौत्य सम्बन्ध स्थापना भएको ३० सौं वार्षिक समारोहमा भाग लिन विदेश सितको मैत्री सम्बन्धी चिनियां परिषदको निमन्त्रणामा श्री कृष्ण चन्द्र सिंह प्रधानको नेतृत्वमा नेपाल चीन मैत्री सङ्घको एक शिष्ट मण्डल आज त्यस तर्फ प्रस्थान गऱ्यो ।

पांच सदस्यीय उक्त मण्डलमा सर्वश्री दाबाफिजो ताम्माङ, तुला बहादुर कार्की, सिन्धुनाथ प्याकुर्याल तथा रविन्द्र बहादुर श्रेष्ठ हुनुहुन्छ ।

रासस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृक्षारोपण बाट होइन, मनुष्य स्वयं नै वृक्षारोपण संरक्षण र सम्वर्द्धन गर्नुपर्ने चेतनाबाट पनि प्रशस्त हुनुपर्दछ।

—श्री ५ वीरेन्द्र

माटो पहिरो रोए भू क्षय हुन्छ, बाँध बाँधी माटो बग्न नदेऊँ, वृक्षारोपण गरी पहिरो आउन नदेऊँ।

लेखन— सूचना विभाग

अशोकमा

'छोटा चेतन'

पात्र:- आदि।

नवदुर्गा चित्र मन्दिर

अपाढ २४ देखि

अति मनोरंजक सनसनी पूर्ण सम्पूर्ण रंगीन चित्रमा

दिदार ए यार

चलिरहेछ

पात्र:- जितेन्द्ररेखा, ऋषिकपूर टिना मूनीम, श्रीरामलामो नीरुपाराए, देवेबर्मा आदि

शो: समय :- ११.३०, २.३० र ५.३० बजे।

छुट्टिका दिन: ८, ११.३०, ३.३० र ५.३० बजे।

यो युगको महानवाणी

म मरे पनि मेरो देश बाचो रहोस

—स्व० श्री ५ महेन्द्र

" बाँच र बाँच्न देऊ—नेपालको यो नीति हिजो थियो, आज छ र भोलि पनि रहने छ "

"सब सुखदः राष्ट्रको लागि सुपरिचालित आक्रमणले हाम्रो सुरक्षा गर्नु पर्नेछ।

—श्री ५ वीरेन्द्र

राजनीतिक चेतना भन्नु एक बलियो प्रहरी हो जसले शासक तथा शासनाधिकारी वर्गबाट पनि अनैतिकता, जबर्जस्ती, शोषण इत्यादि अन्यायलाई घृणा र फैलिन दिँदैन तथा सबैलाई सद्भावना तर्फ अघि बढाएर संसारमा सुख तथा शान्ति स्थापनामा योगदान दिन्छ।

—हृदय चन्द्र सिंह प्रधान

हुने वा नहुने अथवा या अथवा हुनैपर्छ, यही विचारले भाव भन्नु पर्दछ।

—सेक्सपियर

बोल्छन सबै सुख भनी सुख त्यो कहाँ छ?
बाफ्नु मिटाई अरूलाई दिनु जहाँ छ। —लक्ष्मी प्रसाद देवकोटा

हामी बार छौं, तर बुद्धू छौं
हामी बुद्धू छौं तर हामी बीर छौं —भूपि शरण

जनताको, बाट, जनताको र जनताद्वारा निर्वाचित सरकार नै प्रजातन्त्र हो

—अब्राहम लिंकन

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जय नेपाल चित्रघरमा

एल०भि० प्रसाद प्रस्तुत गर्दछ
रङ्गिन बाबाबिष चित्र

'मूझे इन्साफ चाहिए'

पात्रः-रेखा, मिथुन चक्रवर्ती, रति अग्निहोत्री, डेनी, रञ्जिता, आदि ।

दैनिक शो:- १२:०० ३:०० र ६:०० । बजे
आइतबार शो-८, १२:०० ३:०० र ६:०० बजे ।

रञ्जनामा

'सरगम'

शो:समय- १२, ३ र ६ बजे ।
आइतबार बिहान:- ८ र १२ बजे विद्यार्थी बहुलियत

सूचना

२०४२ साल श्रावन १ गते देखि माथिल्लो र तल्लो श्रेणी-हरूमा परिवर्तन हुनेभएको हुनाले दर्शकहरूलाई पर्न जाने-असुविधाको निमित क्षमा याचना गर्दछौं ।

रञ्जना सिनेमा

विश्व ज्योतिमा

'लक्ष्मी' "सरस्वती पार्वती

पात्रः- जितेन्द्र, राज बब्बर, रिनाराय, विनोद मेहरा, सुलोचना पण्डित आदि ।

दैनिक शो: समयः- १२ ३ र ६ बजे ।
आइतबारशोः- ८, १२, ३ र ६, बजे ।

फूटबल

काठमाडौं, १३ श्रावण ।

श्रीलङ्कामा सञ्चालन हुने एशियाली क्लब फूटबल प्रतियोगितामा नेपालको एन. आर. टी. क्लब र भारतको इष्ट बङ्गाल क्लब टीमका बीच यही श्रावण १८ गते खेल हुने भएकौ छ ।

नेपालको समूहमा छ वटा देश समावेश छन् जसमा श्रीलङ्का, भारत, पाकिस्तान, बङ्गलादेश, माल्दिभ्स पर्ने कार्यक्रम छ ।

लीगको आधारमा हुने उक्त प्रतियोगितामा प्रथम हुने एक टीम अर्को समूहका प्रथम हुने संग खेल्ने व्यवस्था छ ।

अखिल नेपाल फूटबल संघका उपाध्यक्ष गम्भीर मान प्रधानको नेतृत्वमा २२ सदस्यीय एन. आर. टी. क्लब फूटबल टीम हिजो त्यस तर्फ प्रस्थान गरिसकेको छ ।

रासस

बक्सिङ प्रशिक्षण कार्यक्रम सम्पन्न

काठमाडौं, १३ श्रावण ।

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीको सौजन्य तथा नेपाल ओलम्पिक कमिटीको तत्वावधानमा अन्तर्राष्ट्रिय एमेच्योर बक्सिङ संघको सहयोगका साथ नेपाल बक्सिङ संघद्वारा सञ्चालित बक्सिङ ओलम्पिक सोलिडैरिटी प्रशिक्षण कार्यक्रम हिजो यहाँ सम्पन्न भयो ।

कार्यक्रममा काठमाडौं लगायत अधिराज्यका विभिन्न भागबाट सम्मिलित भएका ११ जना कोच र मुक्केबाजले भाग लिएका थिए ।

रासस

(१ पेजको बाँकी)

"हामी पत्रकारहरु आफ्नो पेशागत मर्यादालाई पालन गर्दै प्रेस स्वतन्त्रतालाई अक्षुण्ण राख्ने दृढता व्यक्त गर्दछौं ।

विकास समितिको बैठक सम्पन्न

काठमाडौं, १३ श्रावण ।

राष्ट्रिय पञ्चायत, विकास समितिको आज भएको बैठकमा लुम्बिनी विकास कोष विधेयक, २०४२ को दफा दफा माथिको छलफल सकियो ।

उक्त विधेयकलाई संशोधन सहित समितिले स्वीकृत गरी राष्ट्रिय पञ्चायतमा पेश गर्ने निर्णय गऱ्यो ।

सोही बैठकले पर्यटन (पहिलो संशोधन) विधेयक २०४२ को दफा दफा माथिको छलफल थालेको छ ।

समितिको आगामी बैठक यही २०४२ श्रावण १६ गते बुधबार हुने भएको छ ।

बैठकको सभापतित्व समितिका सभापति कर्ण बहादुर सिंहले गर्नु भएको थियो ।

रासस

आकाश...

बिराटनगर-काठमाडौं बीरगञ्ज, पोखरा तथा जनकपुरका बीचमा देवनागरिक र अंग्रेजी लिपिमा टेलिग्राफ सुविधा उपलब्ध छ ।

विगत आर्थिक वर्ष २०४१।४२ को प्रथम आठ महीनामा अरु २० अतिरिक्त हुलाक स्थापना भएको छ ।

रासस

(१ पेजको बाँकी)

सम्वत २०४१ आषाढ मसान्तमा भने अघिल्लो वर्षको सोही अवधिको दाँजोमा बैंकिंग क्षेत्रमा वैदेशिक सम्पत्तिको संचितिमा १२.१ प्रतिशतले ह्रास भएको थियो ।

विगत आर्थिक वर्ष २०४१।४२ को प्रथम नौ महीनामा अघिल्लो वर्षको सोही अवधिको दाँजोमा संचितिमा ७.४ प्रतिशतले ह्रास भएको छ ।

रासस

(२ पेजको बाँकी)

पुनर्विचार गरिरहेको छ ।

तामिल सुत्रहरुको उल्लेख गर्दै एक भारतीय संवाद समितिले दिएको समाचार अनुसार गत महिनाको अन्त्यमा भएको प्रथम चरणको वार्तामा "बाह्रियाहरुबाट हस्तक्षेप भएकोमा" कोलम्बोले आफ्नो असन्तुष्टता जनाउँदै वार्ता स्थलबारे पुनर्विचार गर्न खोजिको हो ।

सरकारी प्रतिनिधिमण्डलका नेता एवं राष्ट्रपतिका भाई श्री हेक्टर जयवर्द्धनले 'बाह्य हस्तक्षेप' भएको सूचना श्रीलङ्का सरकारको मन्त्रीमण्डललाई दिनु भएको थियो। त्यही सूचनालाई ध्यानमा राखेर आगामी वार्ता अन्यत्र गर्नेबारे विचार गरिन लागिएको हो ।

यसै बीच नयाँ दिल्लीस्थित श्रीलङ्काका उच्चायुक्तले गत बृहस्पतिवार प्रधान मन्त्री राजीव गान्धीसित भेटेर जातीय समस्याबारे वहाँसित छलफल गरेको समाचार छ ।

(१ पेजको बाँकी)

वहाँले उक्त धम्की दिनु भएको हो ।

चीन समर्थित खेमेर रुजको उक्त व्यवहारको लागि राजकुमार सिहानूकले मृत व्यक्तिहरुका परिवारलाई क्षतिपूर्ति दिईयोस भनी पेकिंगसित माग गर्नु भएको छ ।

राजकुमारको तर्फबाट प्रकाशित एक प्रेस वक्तव्यमा उक्त माग गरिएको थियो । खेमेर रुजलाई शस्त्रास्त्र र राजनीतिक समर्थन चीनले उपलब्ध गर्दै आएको छ ।

यसै वर्षको मध्यतिर खेमेर रूजका गुरिल्लाहरुसितको मुठभेडमा आफ्नो पक्षका सैनिकहरु मारिएको सूचित गर्दै राजकुमार सिहानूकले "अरु एक जना सम्म पनि आफ्ना सैनिकलाई मारिएमा गठबन्धनबाट राजीनामा गर्ने आफ्नो मनशाय जनाउनु भएको छ । राजकुमारले आफ्नो मनशाय "अपरिवर्त्तनीय" रहेको पनि जनाउनु भएको छ।

सम्पादक तथा प्रकाशकःचन्द्रलाल श्रा:मुद्रकःअशोक प्रेस,मरुहिटी, काठमाडौं फोन नं. २-१२१४३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu